म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३० | सोमबार १३ भदौ २०७९ | ने. सं. ११४२ गुँलागा | 29 August, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# हेटौंडामा पनि अवैध संरचना भत्काइने, भुटनदेवीको सटरबाट सुरुवात गर्न दबाब

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/हेटौंडा उपमहानगरपालिकाले नगरको ट्राफिक व्यवस्थापनलाई चुनौती दिइरहेको कानुन विपरित बनेका संरचना र फुटपाथमा रहेका व्यवसाय हटाउने भएको छ ।

हेटौंडालाई वर्षौंदेखि नगरको ट्राफिक व्यवस्थापन टाउको दुखाई बन्दै आएको छ । साँघुरा सडक जसमाथि पनि फुटपाथ नै ढाक्ने गरी व्यवसायीहरुले सामान राख्दा ट्राफिक व्यवस्थापन गर्न समस्या बन्दै आएको छ । नगरभित्र थुप्रै अवैधानिक संरचना निर्माण हुँदासमेत यसअघि कुनै कारबाही नभएको अवस्थामा वर्तमान नेतृत्वले यसलाई चासोका साथ लिएको छ । नगरभित्र नक्सा पासबिनै निर्माण भएका संरचना भत्काउने तयारी गरिएको मेयर मिनाकुमारी लामाले जानकारी दिएकी छन् । कानुन विपरित जान कसैलाई छुट नभएको भन्दै नक्सा पास बिनै बनेका संरचना, पार्किङका लागि तोकिएको स्थान खाली गराउन उपमहानगरले सूचना जारी गर्ने लामाले बताइन् ।

काठमाडौं महानगरका मेयर बालेन्द्र शाहले कानुन विपरित बनेका संरचना भत्काउने अभियान नै चलाएपछि हेटौंडाकी मेयर लामामाथि दबाब बढेको छ । नगरबासीहरुले काठमाडौंमा जस्तै अवैध संरचना, फुटपाथ खाली गर्ने र पार्किङलाई तोकिएको स्थानमा चलेका व्यवसाय हटाएर ट्राफिक व्यवस्थापनलाई चुस्तदुरुस्त बनाउन लामामाथि दबाब दिएका छन् । सामाजिक सञ्जालमा हेटौंडामा पनि काठमाडौंको जस्तै




सफाई अभियान थाल्नुपर्ने आवाज बुलन्दसँग उठ्दै आइरहेको हो । लामाले पनि नगरबासीको आवाजलाई बुझेर ३५ दिने सूचना जारी गर्ने बताएकी हुन् ।

गत ३० वैशाखमा भएको निर्वाचनमा नगरबासीसमक्ष वाचा गरेका काम पूरा गर्न लागिपरेकी लामाले नगरबासीको भावनाको कदर गर्ने गरी अवैधानिक संरचना हटाउने निर्णय लिएकी हुन् । लामाले निर्वाचनमा प्रतिबद्धता जनाएअनुसार नगरबासीलाई खानेपानी निःशुल्क दिने निर्णय गरिसकेकी छन् ।

साथै, महिलाहरुका लागि छुट्टै प्रसुति अस्पताल बनाउने प्रतिबद्धता पूरा गर्न उनी जग्गा छनौटमा लागेकी छन् । लामाले नगरबासीको चाहना अनुसार उपमहानगरपालिकाले व्यवस्थित ढंगबाट काम गर्ने प्रतिबद्धता जनाइन् । उनका अनुसार ३५ दिने सूचना निकालेपछि पनि अवैधानिक संरचना खाली नभए उपमहानगरले डोजर लगाउने भएको छ ।

नक्सा पास नगरी बनाइएका संरचना र पार्किङका लागि पास भएका स्थानमा सञ्चालित व्यवसाय हटाउन उपमहानगरले ३५ दिने सूचना जारी गर्ने गरी आफूले निर्देशन दिएको उनको भनाइ छ । लामाले अवैध संरचना हटाउने, फुटपाथ खाली गर्ने र पार्किङका लागि तोकिएको स्थानमा सञ्चालित व्यवसाय हटाउने तयारी उपमहानगरले यसअघि नै गरेको बताइन् ।

'हामीले पहिल्यै अवैध संरचनाहरु हटाउने तयारीअनुसार लगत संकलन गरिरहेका थियौं । अब सूचना निकालेर काम गर्छौं', लामाले साझाकुरासँग भनिन् । अवैध संरचना र फुटपाथ कब्जा गरेर चलिरहेका व्यवसाय नहटाए उपमहानगरले एक्सन लिने लामाले बताइन् । हेटौंडा-४, स्थित भुटनदेवी माध्यमिक विद्यालयले समेत नक्सा पास नै नगरी १० वर्षदेखि सटर निर्माण गरेर भाडामा लगाउँदै आएको छ । विद्यालयले करोडौं कमाई गर्दा उपमहानगरमा नक्सा पाससमेत गरेको थिएन् ।

मेयर लामालाई भुटनदेवी स्कुलको सटरबाट डोजर लगाउन नगरबासीहरुले अपिल गरेका छन् । 'वडा अध्यक्षले कुटाई खानुको कारण बनेको र अर्का वडा अध्यक्ष तथा स्कुल व्यवस्थापन समितिले नै नियम विपरित निर्माण गरेको भुटनदेवी माविको नवनिर्मित विवादित सटर-संरचनाबाट सुरु गर्न अनुरोध र सुझाव', वाईसीएल मकवानपुरका संयोजक लवराज ठकुरीले सामाजिक सञ्जालमा लेखेका छन् । ठकुरी मात्र हैन, अधिकांशले भुटनदेवी विद्यालयले नक्सा पास नै नगरी बनाएको सटर भत्काएर अभियान सुरु गर्न अनुरोध गरेका छन् । भुटनदेवी माध्यमिक विद्यालयले २०६० सालमै निर्माण गरेको सटरको नक्सा पास हालसम्म लिएको छैन । विद्यालयले हालै निर्माण गरेको ४० वटा सटरको पनि नक्सा पास छैन । विद्यालयले नक्सा पासका लागि उपमहानगरपालिका कार्यालयमा फाइल पुगेको जनाएको छ । तर, अधिकांश नागरिकले सर्वसाधारणले नक्सा पास नगरी संरचना बनाए कारबाही गर्ने उपमहानगरले विद्यालयलाई छुट दिन नहुने आवाज उठाइरहेका छन् ।

यसैगरी, नेपाली कांग्रेसको भातृ संस्था नेपाल विद्यार्थी संघ मकवानपुरले हेटौंडा उपमहानगपालिका वडा नम्बर २, मानसचोकदेखि मनकामना चोकसम्मको सडकस्तरीकण तथा सवारी पार्किङको व्यवस्थापन गर्न माग गरेको छ ।

नेविसंघ मकवानपुर बहुमुखी क्याम्पस ईकाई समितिका संयोजक सन्तोष चौलागाईको नेतृत्वमा पुगेको विद्यार्थी टोलीले उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँसमक्ष यथासक्य सडक स्तरीकण र पार्किङ व्यवस्थापन हुनुपर्ने माग राखेको थियो ।

# मकवानपुरका विद्यालय कर्मचारीः आफ्नो सुविधा मागेर विद्यार्थीमाथि अन्याय

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ मकवानपुरको सामुदायिक विद्यालयमा कार्यरत् कर्मचारीहरुले आइतबार जिल्लास्थित विद्यालय बन्द गराएका छन् ।

आफ्नो सेवा सुविधा वृद्धि हुनुपर्ने माग राखेर बालबालिकाको भविष्यमाथि विद्यालयकै कर्मचारीहरुले अत्याचार गरेका हुन् । कोरोना महामारीका कारण नियमित विद्यालय जान नपाएर कमजोर बनेका विद्यार्थीले पढन पाउनुपर्ने अधिकार बञ्चित गराउन विद्यालयकै कर्मचारीहरु अग्रसर भएका छन् ।

नेपाल विद्यालय कर्मचारी परिषद्ले १२ भदौ आइतबारदेखि १८ गतेसम्म देशभरका सामुदायिक विद्यालय बन्द गराउने निर्णयको कार्यान्वयन गराउन गरेको निर्देशनअनुसार मकवानपुरका विद्यालय पनि आइतबार बन्द भएका थिए ।

विद्यालयका कर्मचारीहरुको विद्यालय बन्द गराउने अभियानमा शिक्षकहरु नै सक्रिय भएको पाइएको छ । सेवा सुरक्षा ग्यारेन्टीलगायत विभिन्न माग अघि सारेर विद्यालय कर्मचारीहरु १ भदौदेखि आन्दोलन गर्दै आएका थिए । आइतबार हेटौंडा उपमहानगरपालिकाभित्रका सामुदायिक विद्यालयहरु बन्द थिए ।




उपमहानगर कार्यालयका शिक्षा महाशाखा प्रमुख गंगाधर रिमालले नगरका अधिकांश साम्दुायिक विद्यालयहरु बन्द भएको बताए । उनले विद्यालयका कर्मचारीहरु विद्यालय बन्द गराउँदै हिँडेको बताए । मकवानपुरगढी गाउँपालिकाको शिक्षा शाखा प्रमुख रामबहादुर घलानले अधिकांश विद्यालयहरु बन्द भएको बताए ।

मनहरी गाउँपालिकाले भने १२ गते विद्यालय बन्द भएको विषयमा ध्यानाकर्षण भएको बताउँदै आज सोमबारदेखि पठनपाठन नियमित गराउन विद्यालयलाई निर्देशन दिएको छ । मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले एक सूचना जारी गर्दै विद्यालय कर्मचारीहरुको सेवा सुविधाका विषयमा खाईपाई आएको भन्दा ७हजार बढी रकम गाउँपालिकाले दिने गरी बजेटमै समावेश भएकोले आन्दोलन नगर्न निर्देशन दिएका छन् । भीमफेदी गाउँपालिकाको शिक्षा शाखा प्रमुख प्रदीप पराजुलीले अधिकांश साम्दुायिक विद्यालयहरु बन्द रहेको बताए ।

अभिभावकहरुले विद्यालयका कर्मचारीहरुले पैसा बढाई दिन माग राखेर आन्दोलन गर्दै विद्यार्थीको भविष्यमाथि खेलबाड गर्न नहुने बताएका छन् । आन्दोलन गरेपनि विद्यालयका पठनपाठन नियमित हुनुपर्ने अभिभावकहरुको भनाइ छ । संघीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आन्दोलनरत् विद्यालय कर्मचारीहरुलाई आइतबार पत्राचार गर्दै वार्ताको लागि बोलाएको छ । मन्त्रालयले आन्दोलनका कार्यक्रम स्थगित गरेर वार्ताको लागि आउन परिषद्लाई आग्रह गरेको हो ।

# मापसे गरेर सवारी चलाउनेको संख्या बढ्यो

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ मकवानपुरमा मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउनेको संख्या बढ्दो अवस्थामा रहेको देखिएको छ ।


जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको अनुसार जिल्लामा मापसे गरेर सवारी चलाउनेको संख्या बढ्दो देखिएको हो । मापसेको कारण जिल्लामा सवारी दुर्घटना समेत बढेको ट्राफिक प्रहरीले जनाएको छ ।

ट्राफिक प्रहरीको अनुसार गतवर्ष साउन महिनामा ३ जनाले मापसे गरेर सवारी चलाउएको भन्दै जरिवाना गरिएको थियो । तर, चालु आर्थिक वर्ष २०७९/०८० को पहिलो महिनामा ५९ जना ट्राफिकले गरेको मापसे परीक्षणको छड्केमा परेका थिए ।

दुई आर्थिक वर्षको पहिलो साउन महिनाको तथ्यांकलाई हेर्दा चालू आर्थिक वर्षमा मापसे गरेर सवारी चलाउनेको संख्या धेरै बढेको देखिन्छ । पछिल्लो समय जिल्लामा सवारी दुर्घटनाको संख्या पनि वृद्धि भइरहेको छ ।

हेटौंडा उपमहानगर पालिकाले मापसे परीक्षण गर्ने मेसिन उपलब्ध गराएसँगै मापसे परीक्षणलाई तीब्रता दिइएको ट्राफिक प्रहरीको भनाइ छ । गत आवमा ट्राफिका अनुसार कुल २ सय ३४ जनाले मादक पदार्थ सेवन गरेर सवारी चलाइएको पाइएपछि नगद दुईलाख ४० हजार ५०० रुपैयाँ जरिवाना गरी छाडिएको थियो ।

साझाकुरा राष्ट्रिय दैनिक खोजी खोजी पढौं
www.sajhakuranews.com मा पनि हेर्न सक्नुहुन्छ ।



कोरोना भाइरसबाट बचौं र बचाऔं ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




**Note:** BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# मानव बेचबिखन रोकौं

चेतनाको कमी, गरिबी र बेरोजगारीका कारण मानव बेचबिखन र ओसारपसार आज बढ्दो क्रममा छ । नेपालका सन्दर्भमा भन्नुपर्दा कानुन कार्यान्वयनमा फितलोपना, भ्रष्टाचार, खुला सीमा आदि कारणले मानिव बेचबिखन र ओसारपसार फस्टाउँदै गएको छ । वैदेशिक रोजगारीप्रतिको मोह, राजनीतिक अस्थीरता र अवसरको खोजीमा सहर पस्ने प्रवृत्तिका कारण पनि मानव बेचबिखन र ओसारपसारको तस्करी बढ्ने कारणहरु हुन् । पैसामुखी प्रवृत्ति र नैतिकताको दासले गर्दा नै मान्छेले मान्छेलाई बेच्ने दुस्साहस गर्छ । आजको मानिस नैतिकतालाई समेत ख्याल नगरी पैसा कमाउनेतर्फ बढी आकर्षित भएको छ । त्यसेले मानवलाई नै बेचबिखनको वस्तुका रुपमा लिन थालेको छ । आज विवेकशिल मानिएको मानव प्राणी पशुसरह बिक्री वितरण भइरहेको छ ।

मानव बेचबिखन र ओसारपसार जस्ता अपराधलाई नियन्त्रण गर्न सर्वप्रथम कानुनी प्रावधान बलियो बनाउनुपर्छ र भएको कानुनको उचित कार्यान्वयन हुनुपर्छ । वर्तमान कानुनमा रहेको कमजोरी सुधार गर्नुपर्छ । आवश्यक परे नयाँ कानुन पनि बनाउनुपर्छ । यस्तो अपराधको सुइँको पाएर सूचना दिने हरेक नागरिकलाई सम्मान गर्न पछि पर्नु हुँदैन । मानव बेचबिखानबाट पीडित मानिसहरुलाई उपयुक्त क्षतिपूर्ति दिलाउने काम सुरु गर्नुपर्छ । पीडितहरुलाई पुनर्स्थापनाका लागि आवश्यक योजनाहरु ल्याउनुपर्छ । रोजगारीको अवसर दिलाउनुपर्छ । पारिवारिक पुनर्मिलन गराउने र समाजमा समायोजन गराउने जस्ता कार्यमा जोड दिनुपर्छ । हरेक सचेत मानिसले मानव बेचबिखन जस्तो अमानवीय दुष्कार्यविरुद्ध लाग्नुपर्छ ।

मानव बेचबिखनसम्बन्धी अपराध गर्ने मानिसहरुलाई निरुत्साहित गर्ने कडा कानुनको व्यवस्थाको साथै त्यस्तो कामको सुइँको दिने व्यक्तिलाई प्रोत्साहित भत्ताको व्यवस्था र गाउँगाउँमा संचेतना अभियान सञ्चालन गर्न उच्चस्तरको संयन्त्र निर्माणको व्यवस्था गर्नुपर्छ । मानवले मानवकै बेचविखन र ओसरपसार गर्नु जघन्य अपराध हो । यस्तो गतिविधि गर्न मतियारको काम गर्ने वा अलिकति पनि यस्तो काम गर्न प्रोत्साहित गर्ने सम्मका मानिसलाई उसको कसुर हेरी सजाय दिने व्यवस्था गर्नुपर्छ । मानव बेचविखन र ओसारपसार गर्ने काम ज्यादै तल्लो स्तरको काम भएकोले त्यसलाई रोक्न सबै पक्ष सक्रिय भएर लाग्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ १४ गते मंगलबार ३० अगष्ट २०२२ । भाद्र शुक्लपक्ष तृतीया । नलाब्ध ११४२ । सूर्योदय: ५:४२, सूर्यास्त: ६:२५ मा हुनेछ । हरितालिका तीज ब्रत (महिला मात्र)

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : शुभ नतिजा आउनेछ |
| **वृष** | : समयले साथ दिनेछ | **वृश्चिक** | : दिन रमाइलो हुनेछ |
| **मिथुन** | : रमाइलोमा दिन बित्नेछ | **धनु** | : मन खिन्न हुनेछ |
| **कर्कट** | : काम अपुरै रहने देखिन्छ | **मकर** | : घाउचोट लाग्न सक्नेछ |
| **सिंह** | : जोश जागर आउनेछ | **कुम्भ** | : जग्गा जमिनबाट लाभ हुनेछ |
| **कन्या** | : समयले साथ दिनेछ | **मीन** | : सोचेभन्दा बढी खर्च हुनेछ |

# नेपालमा ललितकलाको अवस्था



सुरक्षा वाग्ले

अनुसन्धानकर्ताहरू मानव सभ्यताभन्दा अघि नै कलाको जन्म भएको ठान्छन् । पाषाण युगमा मानिसहरूको विकास र विस्तारका क्रममा बिस्तारै कलाको आरम्भ हुन थाल्यो । ईपू २५ हजारतिर स्पेनको अल्टामिरा गुफा चित्रलाई यसको उदाहरणका रूपमा लिइन्छ । समयसँगै प्राणीमा चेतनाको विकास हुन पुग्यो । आत्मरक्षाका गुफालाई आश्रयको रूपमा प्रयोग गर्न थाले । त्यति सबैभन्दा धेरै जंगली जनावरबाट खतरा भएपछि साना जनावरलाई मारेर खान थालियो र ठूला जनावरको आक्रमणबाट बच्ने उपाय खोज्नु थालियो ।

मानिसमा चित्र कोर्ने चेतना आयो र उनीहरूले चित्र कोर्न थाले । चित्रका विषयमा आफूलाई आक्रमण गर्नेदेखि आफ्नो भोजन हुने जनावरहरू हुन्थे। पछि प्राकृतिक प्रकोपबाट पनि असुरक्षित भएपछि प्राकृतिक वस्तुहरूको चित्र कोर्न थालियो । यस्तै गुफामा हुँदा गुफाका भित्ता र छतमा आकृतिहरू कोरिए । गुफाबाट बाहिर निस्केर, रुख, टाँड र मचाङमा बसे मानिसहरू । अझै ठाँउ नपुगेपछि नदी किनार, समुद्र हुँदै महासागरको किनारमा बस्ती बसाले ।

यसरी सुरुमा आफूले जित्न नसकेका जनावर र प्रकृतिमाथि विजय हासिल गर्ने आकांक्षामा चित्र कोरिए । आफू विजयी भएको अवस्थामा उत्साहित हुँदै कलालाई जादू र कलाकारलाई जादूगरको रूपमा चित्रण गरियो । समयसँगै कलाको विकास आवश्यकता, इच्छा, सोख, विलासको रूपमा भयो ।

अफ्रिका, युरोप, एसिया र दक्षिण अमेरिकालगायत सबै प्राचीन र मध्यकालीन सभ्यतामा कलाका विविध स्वरूप जन्मिएका छन । सभ्यतासँगै संस्कृतिको पनि विकास भएको छ । विकासका क्रममा बिस्तारै माटाका भाँडाकुडाँ बनाउन र मूर्ति कुँद्न थालियो । कलात्मक सौन्दर्यका साथै तिनमा सामाजिक संस्कार तथा आध्यात्मिक विश्वास प्रकट भएका छन् । यद्यपि प्राचीन कलालाई पास्चात्य कलाविदहरू कलाप्रतिको आधुनिक दृष्टिकोण तथा परिभाषाअनुसार कलाको कोटीमा राख्न सहमत छैनन् ।

पाषण युगमा मूर्तिहरू पनि बनेका थिए । तर, ती साना ४ सेमीदेखि २५ सेमीसम्म अग्ला र नारी आकृतिको बाहुल्य थियो । मूर्तिहरू कमलो ढुङगादेखि हाड, हस्तीहाड, काठ, माटा आदिबाट बनाइएका थिए । बीसौं शताब्दीका पुरातत्व विदहरूले, प्राचीन रोमनहरूका सौन्दर्यकी देवी भिनससँग जोडेर भिनस नाम दिएका थिए- विलेनडोर्फ भिनस, लस्सेल भिनस आदि । यस्तै गुफा चित्रमा साँडेहरूको कक्ष, द्वन्द्वरत जनावर आदि प्रख्यात छन् । पाषण युगलाई पनि पूर्वपाषण युग, उत्तरपाषण युग, नवपाषण युग भनेर विभाजन गरिएको छ । त्यसपछि सभ्यताको इतिहासको थालनी भयो । यस्तै गरेर कला विकासका क्रममा वैजाइनटाइन कला, रोमन कला, हेलेनिक कला तथा हेलेनिस्टिक कला भनेर नामाकरण भयो । युरोपियन कलासँगै एसियन कलाको पनि चित्रण गरिनुपर्छ । भारतलगायत नेपाली प्राचीन कलाको इतिहासको अत्यन्तै कम अनुसन्धान भएको देखिन्छ ।

भारतवर्षमा आदिकालदेखि नै चित्रकला व्यवहारमा थियो । भारतमा कलाको उत्पतिबारे अध्ययन गर्दा प्रमाणितरूपमा सिन्धुघाँटी सभ्यतालाई लिने गरिन्छ । सिन्धुघाँटी सभ्यताको अध्ययनमा वास्तुकला वा स्थापत्यकला, मूर्तिहरू, सिल, टेराकोटा र भाँडामा कुँदिएका चित्रकला महत्त्वपूर्ण देखिन्छ । यहाँका मूर्तिहरूमा दाह्री भएको मानिसको टाउको वा पुजारीको अनुहार, पुरुषको अर्ध कदको शरीर, स्त्रीको धड, नर्तकीको मूर्ति, पुरुष नर्तकको रहेको पाइएको छ । भारतमा सिल, तेराकोटा, भाडामा कुँदिएका चित्रकला नामाकरण गरेको भन्दा पनि विषयवस्तुहरूमात्र पाइएका छन् ।

***नेपालको कलाकृतिको स्वरूप***

नेपाली कला र संस्कृतिको आफ्नै इतिहास छ । के नेपाली कला पनि विश्वप्रसिद्ध छ त ? युरोपियन कला र कलाकारको चर्चा निकै हुन्छ । विश्वप्रशिद्ध कलाकारहरू भ्यानगोग, लियोनारदो दा भिन्ची, माइकल एन्जेलोजस्ता थुप्रै कलाकारको नाम आउँछ । नेपालमा सर्वप्रथम कहिले, कहाँ र कस्तो कलाबाट इतिहास सुरु भयो होला ? सन् ४६४ मा मानदेवको चाँगुनारायणको अभिलेख नै नेपालको सबैभन्दा पुरानो अभिलेख मानिएको छ । यसभन्दा अघि किराँतकाल र लिच्छिवीकालमा पनि चित्रहरू बनेका अनुमान गरिएको छ । चित्रहरूको सतह कमजोर भएका कारण त्यस समयका चित्रहरू उपलब्ध हुन सकेका छैनन् । लिच्छवीकालीन मूर्तिहरू भने देखिएका छन् ।

चित्रलाई लामो समयसम्म टिकाइराख्ने साधन नहुँदा पनि चित्रका प्रमाणहरू हराउँदै गएका हुन् । पछिल्लो समयमा पाइएका ताडपत्रमा लेखिएका नेपालका प्राचीन ग्रन्थचित्रहरू लगभग ९०० वर्ष पुराना छन् । त्यसकारण ग्रन्थचित्रलाई नै प्राचीन नेपाली चित्रको रूपमा मानिएको छ ।

नेपाली चित्रकलालाई ३ भागमा विभाजन गरिएको पाइन्छ- ताडपत्रमा लेखिएको ग्रन्थचित्र, पौभाचित्र, पटचित्र र भित्ते चित्र ।

नेपालमा ग्रन्थचित्र लेखन कहिलेबाट सुरु भयो भन्ने निश्चित छैन । पाँचौ शताब्दीका लिच्छवी राजा नरेन्द्रदेवले मृत्युशैय्यामा पुगेको समय प्रज्ञापारमिता नामक ग्रन्थ आफ्नो सन्तानको हातमा दिएको एउटा पुस्तकमा उल्लेख छ । प्राचीनकालमा कागजको आविष्कार नभएका बेला ताडपत्र अथवा भोजपत्रमा लेख्ने चलन थियो । यस्तै गरेर पौभाचित्र पनि नेपालको प्राचीनचित्रभित्र पर्दछ । यो विशुद्ध नेपाली संस्कृति हो । तल र माथि काठ हाली झुन्ड्याउन मिल्ने अथवा काठमा बेरेर सानो पार्न मिल्ने कपडामा कोरिएको चित्रलाई पौभााचित्र भनिन्छ ।

तिब्बती भाषामा यसलाई थांका भन्ने पनि गरिन्छ । पौभा चित्र नेपालमा चौथो शताब्दीबाट चलेको केही इतिहासविद्को मान्यता भेटिन्छ । आठौं शताब्दीतिर यसको पौभा नामाकरण गरिएको अनुमान छ ।

तेह्रौं शताब्दीदेखि धेरै लेख्ने चलन भएको यो पौभाचित्र आजसम्म पनि लोकप्रिय छ । अर्को प्राचीन नेपाली चित्रमा पटचित्र रहेको छ । यो पौभा जस्तै जस्तै हुन्छ तर एउटै भने होइन । यो पौभाभन्दा अलि ठूलो हुन्छ र विषयवस्तुलाई केही फरक ढंगबाट प्रस्तुत गरिएको हुन्छ ।

नेपालमा सत्रौं शताब्दीको अन्तिम वा अठारौं शताब्दीदेखि पटचित्र कोर्न थालिएको अनुमान छ । पटचित्रमा भारतीय प्रभाव परेको छ । भारत र नेपाल जोडिएको देश हुनुले प्रभाव पर्नु स्वाभाविक नै हो । नेपाली प्राचीनकलामा भित्तेचित्रको नाम छुटाउनु हुँदैन । लिच्छवीकालीन कैलाशकुट भवनमा भित्तेचित्र लेखिएको थियो, भन्ने नरेन्द्रदेवको समयमा नेपाल आएका चिनियाँ दूत वाङको वर्णनबाट स्पष्ट भएको छ ।

प्रमाणको रूपमा रहेका वसन्तपुरको कुमारी घर, भक्तपुर दरबारको कुमारी चोक, बाघभैरवको मन्दिर, कीर्तिपुर, शान्तिपुर, स्वयम्भु आदि मानिन्छन् । यी सबै कलाकृति १८ औं शताब्दीका हुन् । प्राचीन चित्रकलासँगै नेपाली धातु मूर्तिमा विष्णु मूर्ति, बुद्ध मूर्ति, बज्रपाणि, नामसंगिनी, इन्द्र आदि पर्छन् ।

काष्ठकलामा झ्याल यसमा पनि आँखी झ्याल त छुटाउनु नै हुँदैन । एक्काइसौं शताब्दीमा पनि यसको प्रमाण तथा उदाहरण हामी देख्न सक्छौं । यिनीहरूको पनि विभिन्न नामाकरण गरिएको छ । देशयामरु झ्या, सूर्य झ्याल, मयुर झ्याल, पच्पन्न झ्याफे, सं झ्या, गं झ्या आदि । नेपाली कलात्मक विषय वस्तुहरूमा टुँडाल, तोरण पनि विषेश उल्लेखनीय छन् ।

नेपाली कलाकारमा अरनिकोदेखि राणाकालीन कलाकारहरू भाजुमान चित्रकार, बखतमान चित्रकार, पूर्णमान चित्रकार, समर समसेर हुँदै, समसायिक चित्रकार चन्द्रमानसिंह मास्के, तेजबहादुर चित्रकार, बालकृष्ण सम, आनन्दमुनि शाक्य, जीवरत्न शाक्य, केशव दुवाडी, अमर चित्रकार, कालिदास श्रेष्ठ, गोविन्दनारायण ज्यापु, लैनसिंह वाङदेलहरूको नाम अग्रपंक्तिमा आउँछ । नेपाली कलालाई शैक्षिकरूपमा अगाडि बढाउन जुद्ध पाठशाला हुँदै, ललितकला क्याम्पस खोलियो । जुन त्रिभुवन विश्वविद्यालय अन्तर्गतको एकमात्र कलेज हो । हाल यहाँ पीएचडी तहसम्म पढाइन्छ ।

यस्तै गरेर नेपाली कलाको विकासका लागि अहिलेको अवस्थामा ललितकला प्रज्ञा प्रतिष्ठानले कलाको विकास र प्रर्वधनका लागि काम गरेको देखिएको छ । सरकारी तहबाट भन्दा पनि निजी तहबाट कला क्षेत्र विस्तार गर्ने कार्यहरू राम्रोसँग भएको पाइन्छ ।

काठमाडौंमा सीमित कलासम्बन्धी पढाइ देशका विभिन्न ठाँउमा विस्तार हुने क्रम जारी छ । कलाकारहरू भने कलाको विस्तारसँगै कलाकै बारेमा चिन्तित पनि छन् । पछिल्लो समयमा कला क्षेत्रमा रुचि राख्ने नयाँ पुस्ता पनि थपिँदै गएको देखिन्छ । तर अझै पनि हाम्रो समाज र सरकार एवं स्वयं कलाकारहरूले समेत नेपाली कलाको बारेमा गम्भीर चिन्तन गरेको देखिँदैन । *(ललितकलामा स्नातकोत्तर)*

*-साभार: बाह्रखरी*

# बोझिलो र भद्दा विकास प्रशासन



अच्युतप्रसाद पौडेल 'चिन्तन'

सार्वजनिक प्रशासन विकास प्रशासनको तुलनामा बृहत, बोझिलो र भद्दासमेत हुन्छ । संरचनागत र प्रक्रियामुखी हुने गर्छ । विकास प्रशासन भने समयानुकुल, गतिशील, क्रियाशील र चुस्त समेत हुने गर्छ । अग्रीम लक्ष्य तोकिने हुँदा परिणामुखी हुन्छ । विकास प्रशासनले तोकिएका प्रक्रिया समयमै पूरा गर्नुपर्ने हुन्छ । सार्वजनिक प्रशासनमा प्रक्रिया बढी हुनाले कार्य सम्पादनमा ढिलो हुनसक्छ ।

उत्तरदायीत्वको दृष्टिले पनि सार्वजनिक प्रशासन केन्द्रमुखी र प्रत्यायोजित अधिकार मात्र प्रयोगमुखी हुनेगर्छ । विकास प्रशासन केन्द्रप्रति जिम्मेवार भए पनि जनमुखी र सहभागितात्मक हुनेगर्छ । सार्वजनिक प्रशासनमा झैं विकास प्रशासनमा माथिका निर्देशन र नियन्त्रणलाई पर्खिरहनु नपर्ने हुन्छ । समूहद्वारा लक्षित परिणाममा प्रतिवद्ध भएर स्रोत साधनको परिचालन मार्फत् परिणाम प्राप्त गर्न सक्षम हुन्छ । सार्वजनिक प्रशासनमा यथास्थिति, कठोर र नियन्त्रण पद्धति हुन्छ भने विकास प्रशासन संगठनात्मक परिवर्तन एउटा निरन्तर प्रक्रियाको अभियान अंगीकार गर्दै क्षमता र कार्य कुशलताको उद्देश्य बोकी अगाडि बढ्छ । हामी भने न विकास प्रशासन न सार्वजनिक प्रशासन दुवैमा चुकेका छौं ।

नेपालमा विकास प्रशासनको सुरुवात र प्रयोग २०१३ योजनाको भरपर्दो विकासको अवधारणासँगै सुरुवात भएको हो । मुलुकको सर्वाङ्गीण विकास, लक्ष्य, उद्देश्य र समग्र कार्यक्रम जनमुखी र समावेशी होस् भन्ने आधारमा विकास प्रशासनको अवधारणा विकासोन्मुख मुलुकहरुले अंगीकार गरेदेखि नै नेपालमा पनि संलग्न जनशक्तिको कार्य र उत्तरदात्विको स्पष्ट व्याख्या, व्यवस्था, कार्य सम्पादन, योग्यता र वृत्ति विकासका पक्षहरुले समेत स्थान पाउने प्रयास स्वरुप नेपालमा विकास प्रशासनको अवधारणा आएको हो । त्यस्तै परिणाममुखी प्रशासन, शासकीय सुधार, विकेन्द्रीकरण र कुशल सक्षम प्रशासन सञ्चालन गर्ने उद्देश्य अनुरुप यसको आवश्यकता भएको हो । वि.सं २०१३ सालदेखिनै आरम्भ भएको योजनावद्ध विकासको अवधारणासँगै विकास प्रशासनको अवधारणा स्पष्ट भएको र साधारण र विकास गरी दुई थरी बजेट वर्गीकरण हुने गरेको हो । प्रशासन सुधार उन्मुख हुँदै छैठौं पन्च वर्षीय योजना २०३७ सालदेखि विकास प्रशासन नीति आरम्भ भएको हो । नवौं योजना २०५४ देखि विकास व्यवस्थापनको प्रयोग छिटोछरितो र सक्षम अनि सेवामूलक र जनउत्तर दायी पशासन सञ्चालन गर्ने क्रममा विकास प्रशासनले थप आफ्नो उपस्थिति दर्शाएको देखिन्छ । दशौं योजनामा सुशासनको प्रयोग र पछिल्ला अन्तरिम योजनाहरुमा पनि प्रशासनिक सुधारका क्षेत्रमा धेरै कुराहरु बोलेको र चालु पर्नें योजनाले आफ्नो नाराले क्षमताको विकास, घर दैलोको सेवा प्रवाह, चुस्त र सक्षम प्रशासन पनि भनेको छ र पनि हाम्रो दैनन्दिन प्रशासनिक सेवा प्रवाह सक्षम हुन सकेको अवस्था छैन ।

राजधानीको फोहोर बिसर्जन गर्न गोली चल्नु पर्ने अवस्था छ । आगामी दिन थप चुनौतीपूर्ण हुने र बजेट लगायत कैयन विषयलाई लिएर प्रशासनको केन्द्रीय भूमि सिंहदरबारमै निजामती सेवाका कर्मचारी हजारौंको संख्यामा आन्दोलित देखिन्छन्, यसअघि देशमा व्यवस्थामा धेरै परिवर्तन भए, जनताको अवस्थामा भने परिवर्तन हुन सकेन । नेपालमा विकास प्रशासन आरम्भ भएको समयलाई नै परिवर्तन सम्झने हो भने हाल शिक्षा, स्वास्थ्य, सञ्चार, प्रविधि, यातायात एवं विकास निर्माणमा परिवर्तन देखिन्छ । हामीमाझ देखिएको गरीबी र बेरोजगारी अनि समावेशी दायरा भने फराकिलो हुन सकेको छैन ।

सर्वांगीण र सन्तुलित विकास आजको आवश्यकता हो । विकास कार्यक्रमहरुले प्राप्त सफलता हासिल गर्न नसकेको हाम्रो परिवेशमा नवीनतम सोंच अभिवृद्धि हुनु जरुरी छ । हाम्रो विकास प्रशासन आलोचना मुक्त छँदैछैन । विकास प्रशासनको मूल मुद्दा निजी र खुला अर्थतन्त्र हो । त्यसले ल्याएको परिणामबारे पनि विकास प्रशासन कम आलोच्य छैन । विकास प्रशासनको अवधारणामा हुने अधिक वैदेशिक सहयोग वा ऋण सहायता, पछिल्लो समय देखिएको उच्च व्यापारघाटा, विदेशी मुद्राको सन्चितिमा कमी, नेपाली जनशक्तिको वहिर्गमन, उत्पादन र आपूर्तिमा हर समय समस्या, अन्तर्राष्टिय जटिल परिवेश र थप महँगी पनि थप आलोचनाका विषय बनेका छन् ।

देशको आफ्नै मौलिकता र दिगो विकासका सन्दर्भमा पनि थप प्रश्न खडा भएका छन्, दलीय स्वार्थ र भागवण्डाको राजनीति मूल समस्या छ । विद्यमान आर्थिक एवं सामाजिक समस्या यथास्थितिमा रहुञ्जेल विकास प्रशासनको नारा सफल हुन्न । यसका लागि राष्ट्र निर्माण हेतु सवल र सक्षम जनपरिचालन, दिगो विकास, प्रशासनिक क्षमताको विकास, सुशासन, स्रोत र साधनको उपयुक्त प्रयोग, सीप र यसको सही प्रयोग र व्यवस्थापन, बेरोजगारी समस्या समाधान र आर्थिक उन्नती हेतु विकास प्रशासन सन्चालकको कुशलता, शिल्पी राम्रो हुनु पर्छ र त्यसको नेतृत्व गर्ने राजनीति नै हो घुमाइ फिराइ, जसमा सधैं टकराव र हानाथाप छ ।

इतिहास हेर्दा देशमा विकास प्रशासन सञ्चालनको अवधारणाले सात दशक बढी समय लिइ सकेको छ । वि.सं. २००९ को बुच कमिशनदेखि प्रशासनका सुधार र नयाँ आयामहरु स्थापित भइसक्दा पनि हामी आफ्नो उद्देश्य र प्रगतिमा पछाडि नै छौं । प्रशासन सुधारमा सुरुका प्रयत्न नतिजामुखी प्रशासन र भरपर्दो क्षमतावान् प्रशासनको सुदृढीकरणमा हामी अग्रसर भए पनि प्रशासन सुधारका लागि प्राप्त सुझावलाई सही कार्यान्वयनमा हामी पछाडि छौं । सुधारका लागि कैयन आयोगका प्रतिवेदन आए । तर, सबैजसो दराजमै थन्किए, नेतृत्वले आफ्नो अनुकूल प्रयोग गऱ्यो । संगठन सक्षम चुस्त र दुरुस्त राख्ने क्रममा प्रशासनिक संगठनको केन्द्रीय निकाय मन्त्रालयका सख्या कमगर्ने सुझाव भए पनि यसको ठीक विपरीत प्रशासनिक संस्था अधिक भए, सेवाप्रवाह चुस्त हुन सकेन, योजनाको सही कार्यान्वयन हुन सकेन र हाम्रो प्रशासन अझ परम्परागत, जिम्मेवारी पन्छाउने प्रवृत्तिको बनेको छ ।

सन् १९३० को विश्व आर्थिकमन्दी, प्रथम र दोस्रो विश्वयुद्धले देखाएको दुष्परिणाम, नवोदित राष्ट्रको छिटो प्रगतिको चाहना, संयुक्त राष्ट्र संघको उदय, कल्याणकारी राज्यको अवधारणा, मानव अधिकारको सोंच, आर्थिक र प्राविधिक सहयोगको विश्वव्यापी होड, राज्य राज्यबीच मैत्रीको परिकल्पना विश्व एक गाउँ भन्ने नवीन सोंच विविध कारणले संसार भरिनै विकास प्रशासनको अवधारणा आएको हो । खासगरी अमेरिकी विद्धान्बाट प्रतिपादीत यस्ता सोंचहरु विश्व सबैतिर छरपस्ट छरिन पुगे । पि.एड्वार्ड वाड्नर नै विकास प्रशासनका जनक हुन् । उनी पछिका पुस्ता फ्रेडरिग्स, प्लेम्बरा, अल्वर्ट वार स्टोन, आमिंग स्वेडलो आदि विद्धान्ले यी विषयलाई मलजल गरे । तर, अमेरिका नै अहिले सिंगौरी खेल्दैछ, युक्रेन, ताइवानजस्ता विषयले हामी समेतको भात भान्छामा समस्या आएको छ ।

विश्वयुद्धपछि पनि शीतयुद्ध कायमै छ । विश्व दुई भागमा ध्रुवीकृत भएको छ । एउटाको नेतृत्व पुँजीवादीले लिएका छन् भने अर्काको नेतृत्व समाजवादी भन्नेहरुले, क्रमश: अमेरिका, रसिया, चीनहरुले । विकासोन्मुख मुलुक नेपाल जस्तालाई सघाउने नीति दुवैले लिएका त छन् हामीले सन्तुलित गर्न भने जानेका छैनौं । सन् १९३० को मन्दीपछि अमेरिकी टेनेसी भ्याली अथोरिटी परियोजना र युरोपको मास्टर प्लानले योजनावद्ध विकासको अवधारणा तेर्स्याएपछि विकास प्रशासनको अवधारणाबाट सबै मुलुक प्रभावित र मोहित हुँदै आउँदा थिच्चिदै, घिस्रिँदै हामी पनि पछि लागेका छौं, उठ्ने कहिले हो थाहा छैन, विश्वमा हामीभन्दा पछिका धेरै माथि उठिसके । मुलुकी प्रशासन सार्वजनिक प्रशासनबाटै सञ्चालित हुने हो र विकास प्रशासन भने आधुनिक र विकासको लक्ष्यका साथ सन्चालित हुने हो । सन् १८८७ मा सार्वजनिक प्रशासनका विद्धान् विड्रो विल्सनले 'द स्टडी अफ एडमिनिस्ट्रेसन कृति प्रकाशन गरेपछि प्रशासनको विधाको रुपमा यसले चर्चा पाएको हो भने सन् १९४७ को रोवर्ट दलको द टाइम्स अफ पब्लिक एडमिनिस्ट्रेसन प्रकाशनपछि प्रशासन क्षेत्रको तुलनात्मक अध्ययनको दायरा विस्तार भएको हो । सन् १९५२ मा अमेरिकी प्रिन्स्टन विश्वविद्यालयको सार्वजनिक प्रशासन सम्मेलनले अझ यसको अध्ययन अनुसन्धान थप गरेको हो ।

तर, नेपालमा अध्ययन अनुसन्धान गर्ने भन्दा आफ्नो भुँडी कसरी भर्ने मात्रै सोच र हेको छ, प्रशासनमाथि सबैले राजनीति गरेका छन् । सार्वजनिक प्रशासनको मूल ध्येय शान्ति सुरक्षा हो । नवीन सार्वजनिक प्रशासनमा विकास प्रशसनको माध्यमबाट प्रजातान्त्रिक शासन व्यवस्था मुलुकमा सञ्चालन गर्ने अवधारणाबाट पनि सार्वजनिक प्रशासनको अभिन्न अंगको रुपमा विकास प्रशासनलाई अँगाल्दै आउनु पर्ने हो ।

परम्परागत कार्यमा मात्र सीमित नभई वातावरण सन्तुलन, दिगो विकास, मानव अधिकार लगायत सूचना र प्रविधिसँगको तादात्म्यता, परिवर्तित समाजको अवधारणा, सुशासनले विकास प्रशासनलाई साथदिनु पर्ने हो, सीमित स्रोत साधनबाट परिणाममुखी अधिक उपलब्धि हुनु पर्ने हो । तर, छैन । हामीले अँगालेको संविधान समाजवाद उन्मुख हो । तर, लोकतान्त्रिक विचारकको समाजवाद र वामपन्थी समाजवाद फरक फरक देखिन्छ ।

एउटाले खुला अर्थतन्त्र भन्छ अर्कोले नियन्त्रित ! अहिले मुलुकको अर्थतन्त्रले गन्तव्य लिन सकेको छैन । लगानीमा शंका, शेयरमा उतारचढाव, ज्यादै मन्द गतिको आर्थिक विकास, सरकारको नीति नै अस्थिर, धेरै समस्याहरु छन् । धेरैको मत छ, बजार अर्थतन्त्र र कम्युनिष्ट सत्ता एकै ठाउँमा उभिन सक्तैन । पछिल्लो सत्ता पनि परिवर्तन भयो तर शासनमा अनुहार उस्तै देखिए । गठबन्धनले को पूँजीवादी, को कम्युनिष्ट पत्ता लाउन नसकिने अवस्था छ । मिलिजुली राजपाठ बाँडौं, देश जता जालाजाला भन्ने सोच बढेको छ । विद्वान् मन्टगोमरी र स्टोफनले मुलुकले सञ्चालन गर्ने विकास प्रशासन भनेको वाञ्छित परिवर्तनको त्यस्तो पक्ष हो जुन सरकारी क्र्याकलापद्वारा योजना र अनुमान गरिएको हुन्छ ।

विद्वान् द्विवेदी र अर्का विद्वान् जैनले विकास प्रशासनलाई सार्वजनिक प्रशासनको पक्षसँग जोड्दै सरकारी प्रभावद्वारा प्रगतिशील राजनीतिक र सामाजिक उद्देश्यको परिवर्तनमा केन्द्रीत हुने बताए । हामीले भने सत्ताको साँचो लिने मात्र आफ्नो ढर्रा छोडेनौं । नेतृत्वले हानाथापमा समय गुजार्यौं । नेपालीहरुको सपना अधुरो नै रहिरह्यो देशमा मानव पूँजी पनि निर्माण भएन । विकास प्रशासनले मूर्त रुप लिनै सकेन ।

*-साभार: खबरहब*

# भविष्यमा स्वर्ण जित्ने गरी तयारी गर्छु : प्राप्ती बतास



काठमाडौं/ मलेसियामा सम्पन्न इन्टरनेसनल फेडेरेसन अफ मुवा थाई (आइएफएमए) वर्ल्ड युथ गेम्समा २ पदक जितेकी मार्सल आर्ट खेलाडी प्राप्ती बतासले आफ्नो लक्ष्य भविष्यमा स्वर्ण पदक जित्ने रहेको बताएकी छन् । मलेसियामा साउन २४ देखि भदौ ४ गतेसम्म भएको युथ गेम्समा प्राप्तीले एक रजत र एक कास्य पदक जितेकी थिइन् । उनले आइएफएमए ग्राण्ड्स्लाम १२ देखि १५ वर्षको ५१ केजी तौल समूहमा रजत र १४ देखि १५ वर्षको ५१ केजीमा कास्य पदक जितेकी हुन् । उनले प्रतियोगितामा मलेसिया, टर्की, रसिया र चीनका खेलाडीसँग प्रतिस्पर्धा गरेको प्रशिक्षक राहुल मोक्तानले दिए । आइतबार महाराजगञ्जस्थित जिमखाना मुवा थाईमा आयोजित पत्रकार सम्मेलनमा प्राप्तीले आफ्नो बुवाका कारण खेलकुदमा लाग्न प्रेरणा मिलेको बताइन् । 'बुबाले मलाई सधैं मार्सल आर्ट खेलमा लाग्न हौसला दिनुहुन्थ्यो', प्राप्तीले भनिन् । नेपाली खेलाडीले आईएफएमएमा प्रतिस्पर्धा गरेको यो पहिलो पटक हो । जहाँ एक सय भन्दा बढी देशबाट एक हजार भन्दा बढी खेलाडी सहभागी थिए । उनले रजत पदक मात्र जितेर सन्तुष्ट नभएको र भविष्यमा स्वर्ण पदक नै जित्ने लक्ष्य रहेको बताइन् ।

'म यसमा सन्तुष्ट छैन । भविष्यमा स्वर्ण पदक जित्ने गरि खेल्नेछु । अर्को पटक स्वर्ण जित्ने आशा छ,' प्राप्तीले भनिन् ।

टर्कीमा नोभेम्बर २३ देखि २७ सम्म हुने आईएफएमए आन्टालिया कपमा प्राप्तीले नेपालको प्रतिनिधित्व गर्ने सम्भावना रहेको जिमखानाले जारी गरेको विज्ञप्तीमा उल्लेख छ ।

१४ वर्षीय प्राप्त हाल कक्षा ९ मा अध्ययनरत छिन् । उनले क्षमताकै कारण प्रशिक्षकले उनको प्रतिभा चाँडै पहिचान गरेका थिए । जिमखाना मुवा थाईमा १६ महिना मात्र प्रशिक्षण गरेकी प्राप्तीको यस सफलतालाई प्रशिक्षक राहुल मोक्तानले ठूलो उपलब्धी रहेको बताए । प्राप्ती हाल मुवा थाईको यू-१६ मा राष्ट्रिय च्याम्पियन समेत हुन् ।

-साभार: अनलाइनखबर

# उत्साह छ, खेल्ने वातावरण छैन

रामपुर (पाल्पा), १२ भदौ (रासस)/ चार जिल्लाको केन्द्रीय भागमा रहेको रामपुरमा खेलकुदको प्रशस्त सम्भावना छ । यहाँ रहेका पूर्वाधारलाई व्यवस्थित गर्न सकेको खण्डमा राष्ट्रियस्तरका थुप्रै प्रतियोगिता सञ्चालन गर्न सकिने अवस्था छ । सहरीकरणतर्फउन्मुख रामपुर नगरपालिका पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुरको बीच भागमा पर्छ । यहाँ रहेका खेल मैदान व्यवस्थित गर्न भने बाँकी छ । मैदानसँगै आवश्यक पूर्वाधार निर्माण गर्न सके थुप्रै खेलाडी उत्पादन गर्न सकिन्छ ।



"भविष्यमा राम्रो खेलाडी बन्ने सपना छ, तर रामपुरमा खेल्ने वातावरण अझै बनिसकेको छैन", भलिबल खेलाडी कल्पना सिञ्जाली भन्छन् । उनले बुटवल, नेपालगञ्ज, गोरखा, पोखरा, म्याग्दीलगायत ठाउँमा विभिन्न प्रतियोगिता खेलिसकेको छ । "आफ्नै गाउँ ठाउँमा राम्रो खेल मैदान छैन, अभ्यास गर्ने वातावरण नहुँदा प्रतिस्पर्धा गर्न समस्या छ, खेलाडीलाई कहिँबाट प्रोत्साहन छैन, स्थानीय सरकारले राष्ट्रियस्तरसम्म प्रतिस्पर्धा गर्नसक्ने वातावरण बनाउनुपर्छ", उनले भने ।

रामपुर क्षेत्रमा महिला खेलाडी भलिबलमा मात्रै सीमित बनेका छन् । पुरुषका लागि भने नगरस्तरबाट विभिन्न खेल प्रतियोगिता आयोजना हुँदै आएका छन् । खेलमा महिलाको आकर्षण भए पनि नगरमा भलिबल खेलमात्रै खेलाइने गरेको नगर खेलकुद विकास समितिका सचिव सञ्जु परियारले बताए ।

"विद्यालय तहमा हुने विभिन्न खेलमा महिलाको सक्रियता राम्रो रहेको पाइएको छ, जिल्लास्तरमा भने महिला खेलाडी प्रतिस्पर्धात्मकरुपमा पुग्न सकेका छैनन्", उनले भने । स्थानीयस्तरमा नै बलियो आधार खडा हुनुपर्ने र पुरुषजस्तै महिलाका लागि पनि विभिन्न प्रतियोगिता आयोजना गर्नुपर्नेमा उनले जोड दिए । महिला घरपरिवार, समाजबाट माथि उठेर अन्यत्र खेलमा सहभागी हुँदा समाजमा आलोचना खेप्नुपर्ने परेको परियार बताउछन् । "खेलमा रुचि भए पनि विविध कारणले राष्ट्रियस्तरसम्म पुग्न महिला खेलाडीका लागि वातावरण बनेको छैन", उनले भने । खेल खेल्ने मैदान प्रशस्त छन् । पूर्वाधार विकास नहुँदा खेलकुदको विकास हुन नसकिरहेको जिल्ला भलिबल संघका सदस्य कमल राना बताउछन् । "खेलमैदान व्यवस्थित छैन, तालिमको व्यवस्था छैन, खेलमा राम्रो गर्छु भन्ने दृढ इच्छा भए पनि वातावरण, पूर्वाधार नै व्यवस्थित नहुँदा सोंचेजति खेलाडी उत्पादन गर्न सकिएको छैन", उनले भने ।

आफ्नो गाउँ ठाउँलाई चिनाउने खेलाडीले हो । यहाँ अझै पनि खेल खेलेर के हुन्छ र ? भन्ने आम नागरिकको बुझाइ छ । यहाँ फुटबलतर्फ सी डिभिजन, भलिबलमा जिल्ला तथा प्रदेश र तेक्वान्दोमा राष्ट्रियस्तरका खेलाडी उत्पादन भएका छन् । हरेक पालिकामा क्षेत्रीय र प्रदेशस्तरका खेलकुदका कार्यक्रम हुने पूर्वाधार तयार पारियो भने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने दक्ष खेलाडी उत्पादन हुने राना बताउछन् ।

"प्रोत्साहन नगरिँदा भविष्यमा राम्रो सम्भावना बोकेका खेलाडीलाई खेल खेलेरै केही हुँदोरहेछ भन्ने अनुभूति भएको छ, विधागतरुपमा स्थानीय सरकारले रकम विनियोजन गर्नुपर्छ, बर्सेनि मेयर कपलाई मात्रै एकमुष्ठ रकम छुटयाएर भएन, विभिन्न खेललाई प्राथमिकता दिइयो भने खेलाडीको मनोबल बढ्छ", उनले भने । विशेषगरी खेलाडी उत्पादन गर्न विद्यालय तहमा एक खेल प्रशिक्षकको व्यवस्था, खेलमैदान व्यवस्थित, विधागतरुपमा खेल आयोजना, स्थानीयस्तरमा नै खेलसम्बन्धी प्रशिक्षणको व्यवस्था, बेला बेलामा प्रोत्साहनमूलक कार्यक्रम भएमा यसप्रति घरपरिवार, समाजबाटै आफ्ना सन्नततिलाई खेलमा लाग्न उत्साह मिल्नेछ ।

यसवर्ष रामपुर नगरपालिकाले खेलकुदका लागि १५ लाख तथा पाँच र सात नं वडामा कभर्डहल निर्माणका लागि आठ लाख विनियोजन गरिएको नगर प्रमुख रमणबहादुर थापाले जानकारी दिए । खेलकुदको विकासका लागि हरेक वर्ष मेयर कपमार्फत विभिन्न खेलका कार्यक्रम सञ्चालन भइरहेका छन् भने रामपुरको प्रतिनिधित्व गर्दै अन्यत्र कार्यक्रममा प्रतिस्पर्धा गर्न सहयोग गर्दैआएको नगर प्रमुख थापा बताउछन् ।

रामपुर-५ स्थित मटेरी ठूलोटार खेल मैदानलाई क्षेत्रीय रंगशाला बनाउन डिपिआरको काम भइसकेको छ । रंगशाला निर्माणमा ठूलो रकम आवश्यक पर्ने भएपनि स्थानीय सरकारसँग पर्याप्त बजेट नहुँदा काम अगाडि बढ्न नसकेको नगर प्रमुख थापाले बताए । अब प्रदेश र संघीय सरकारबाट बजेट माग गरेर निर्माण गर्ने सौँच बनाएको उनको भनाइ छ । "खेलाडीको मनोबल बढाउन र खेल क्षेत्रको विकास गर्न नगरपालिकाले बेलाबेलामा विद्यालयबीच प्रतिस्पर्धात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ", उनले भने । "खेललाई प्राथमिकता दिएर बर्सेनि बजेट विनियोजन गरेको छु, दक्ष प्रशिक्षक ल्याएर खेलाडीलाई प्रशिक्षण दिने तयारी भइरहेको छ, विभिन्न प्रतियोगिताका लागि सहयोग गरिरहेको छु", थापाले भने ।

रामपुरका मटेरी, बेफाड, किसानबारी, विजयपुर, तिलकपुर, खयरबोट, गेफा, देविस्थानलगायतका विभिन्न स्थानमा खेलकुदका पूर्वाधार तयार गर्न सकिने प्रशस्त आधार छन् । यहाँको खेलमैदान व्यवस्थित नहुँदा खेलाडीलाई चोटपटक लाग्ने जोखिम उत्तिकै छ । स्तरीय खेल मैदानको अभावमा दर्शक पनि खेल अवलोकनबाट वञ्चित छन् ।

रामपुर नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा युवा, खेलकुद तथा मनोरञ्जनतर्फ 'एक वडा एक खेलकुद मैदान'को अवधारणालाई अगाडि बढाइने, नगरको खेलकुद विकासलाई व्यवस्थित गरी युवावर्गको सहभागिता वृद्धि एवं खेलाडीको उत्पादन गर्न नगर खेलकुद विकास समिति गठन गरी कार्य बढाइएको उल्लेख छ ।

साथै मेयर कपअन्तर्गत वडास्तरीय रनिङ सिल्ड प्रतियोगितालाई निरन्तरता दिँदै राष्ट्रिय खेल समावेश गरी नगर खेलकुद महोत्सव सम्पन्न गरिने, फुटबल, भलिबल र क्रिकेट खेलका लागि प्रशिक्षकको व्यवस्था मिलाइने, विभिन्न खेलका लागि छानिएका खेलाडीलाई अन्तर जिल्ला र अन्तर पालिकास्तरीय खेलकुदमा सहभागी गराइने, समुदायको लगानीमा निर्माण हुने खेलकुद पूर्वाधारमा सहयोग गर्ने नीति नगरपालिकाको छ ।

त्यस्तै प्रदेशस्तरको खेलमैदान निर्माणको सम्भाव्यता अध्ययन गरी सम्बन्धित निकायसँग पहल गरिने, प्रोत्साहन गर्न विभिन्न विधामा खेल्ने उत्कृष्ट खेलाडीलाई सम्मान तथा पुरस्कृत गर्नेलगायत नगरको नीति तथा कार्यक्रममा उल्लेख छ ।

# विश्वकै अग्लो स्थानमा गल्फ प्रतियोगिता

गण्डकी, १२ भदौ (रासस)/ उपल्लो मुस्ताङको लोमन्थाङ गाउँपालिकास्थित लोवथाङमा गल्फ प्रतियोगिता सम्पन्न भएको छ । समुन्द्री सतहदेखि चार हजार छ सय ४५ मिटरको उचाइमा रहेको उक्त कोर्समा 'टप अफ द वल्ड गल्फ च्यालेञ्ज' सम्पन्न भएको लोमन्थाङ गाउँपालिकाका अध्यक्ष टसी नुर्बु गुरुङले जानकारी दिए । "यो गल्फ प्रतियेगिता विश्वकैसर्वाधिक उचाइको भएको हाम्रो दाबी छ", उनले भने, "यस प्रतियोगिताले यहाँको सम्भावनालाई थप उजागर गरेको छ ।"

प्रतियोगितामा कूल ३५ प्रतियोगी सहभागी भएको जानकारी दिँदै गुरुङले ८१ वर्ष उमेरसम्मका व्यक्तिले भाग लिएको बताए । उनका अनुसार प्रतियोगितामा पुरुषतर्फ श्याम तामाङ र महिलातर्फ सुस्मा सिंह च्याम्पियन बनेको छ । अघिल्लो वर्ष उक्त स्थानमा गल्फको परीक्षण गरिएको थियो । उक्त स्थानमा गल्फ कोर्ष निर्माणका लागि पूर्वाधार तयार गर्न अघिल्लो वर्ष संसद् विकास कोषअन्तर्गत १० लाख विनियोजन गरिएको थियो ।

# केन्याविरुद्ध जितका लागि नेपालले पायो १५७ रनको लक्ष्य

काठमाडौं/ नेपाली राष्ट्रिय क्रिकेट टोलीले केन्याविरुद्धको तेस्रो ट्वान्टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा जितका लागि १५७ रनको लक्ष्य पाएको छ ।



नैरोवीस्थित जिमखाना क्रिकेट मैदानमा केन्याले टस जितेर ब्याटिङ गर्ने निर्णय गरेको थियो । केन्याका ओपनर सुकदीप सिंह ८ र कोलिन्स ओबुया १४ रन बनाएर आउट भए पनि इरफान करिम र राकेप पटेलले घरेलु टोलीको इनिङ्स सम्हाले ।

इरफान ५५ तथा राकेप ७३ रनमा अविजित रहे । दुई ब्याट्सम्यानले तेस्रो विकेटका लागि १२७ रनको अविजित साझेदारी गरे । नेपालका सोमपाल कामी र आदिल अन्सारीले एक एक विकेट लिए ।

नेपालले आज पछिल्लो खेलको टोलीमा दुई खेलाडी परिवर्तन गरेको छ । आसिफ शेखको स्थानमा अर्जुन साउद र बसिर अहमदको स्थानमा शाहब आलम टोलीमा परेका छन् । पहिलो पटक राष्ट्रिय टोलीमा परेका अर्जुनले आइतबार डेब्यू गरेका छन् । पहिलो खेलमा ५ विकेटको विजय हासिज गरेको नेपाल दोस्रो खेलमा १८ रनले पराजित भएको थियो ।

# चितुवाको मुखबाट उम्किएका बालकको सफल शल्यक्रिया

चितवन, १२ भदौ (रासस)/ चितुवाको आक्रमणबाट गम्भीर घाइते भएका बालक सुलभ परियारको स्वास्थ्य स्थितिमा सुधार आएको छ । तनहुँको बन्दीपुर गाउँपालिका-१ निवासी तीन वर्षीय सुलभलाई यही भदौ ८ गते चितुवाले आक्रमण गरी गम्भीर घाइते बनाएको थियो । चितुवाले च्यापेर उनीलाई लग्दै गरेको अवस्थामा उनकी आमा लक्ष्मी परियारले बचाएको थियो ।



गम्भीर घाइते सुलभलाई स्थानीय स्वास्थ्य सस्थामा प्राथमिक उपचारपछि चितवन मेडिकल कलेज ल्याइएको थियो । बालकको थप उपचारका लागि पत्रकार सुवास पण्डितले समन्वयकारी भूमिका निर्वाह गरेको थियो । उनका अनुसार तत्काल कलेजमा शल्यक्रिया गरी उपचार अगाडि बढेकोले बालकको जीवन रक्षा भएको हो । उनले भने, "हामीले चितवन मेडिकल कलेजका जिम्मेवार व्यक्तिलाई फोन गरेर बालकको उपचारमा सहयोग गर्न आग्रह गरेका थिऔँ ।"

अस्पतालका निर्देशक डा. दयाराम लम्सालले बालकको सफल शल्यक्रियापछि हाल अवस्था सुधार हुँदै गएको जानकारी दिए । बालकको घाँटीमा गम्भीर चोट लागेको थियो । "श्वासनली र रगत बग्ने मुख्य नशामा क्षति हुन नपाएका कारण बालकलाई बचाउन सकिएको हो" उनले भने "चितुवाको आक्रमणबाट बालकको आँखा, नाक, मुखजस्ता महत्वपूर्ण अंग क्षति हुनबाट जोगिएको रहेछ, श्वासनली र घाँटी हुँदै रगत बग्ने मुख्य नशामा क्षति हुन नपाएका कारण शल्यक्रिया सफल भएको हो ।"

अस्पतालमा कार्यरत चिकित्सक त्रय सुरेशराज शर्मा, सुमित अधिकारी र नवीनकृष्ण यादव शल्यक्रिया संलग्न थिए । उनीहरूका अनुसार बालकको घाँटीमा मल्टिपलपञ्चर (ठाउँ-ठाउँमा गहिरो चोट परेको र मासुसमेत च्यातिएको) थियो । देब्रे कान र अनुहारमा समेत चोट रहेका कारण टाँका लगाइएको छ भने घाँटीको शल्यक्रिया गरिएको छ । बालकका बाबु सुवास परियारले शल्यक्रिया सफल भएकामा खुशी व्यक्त गरे । उनका अनुसार गत बुधबार साँझ ५:३० बजेको समयमा आँगनमा खेलिरहेका सुलभलाई चितुवाले लगेको थियो । घरभित्र र पिँढीमा घरका अन्य सदस्य भइरहेको समयमा चितुवाले लगेको उनको भनाइ छ ।

चितुवाले ५० मिटर माथिसम्म पुऱ्याएको थियो । आमालगायतका परिवारका सदस्यले हारगुहार गरेपछि चितुवा बालकलाई छाडेर भागेको सुवासले बताए । अस्पतालले बालकको नि:शुल्क शल्यक्रिया गरेको हो । अस्पतालका प्रमुख कार्यकारी अधिकृत प्रताप देवकोटाका अनुसार औषधिलगायत अन्य लागत शुल्कमात्रै लिइएको छ । बच्चालाई सघन उपचारकक्षबाट साधारणकक्षमा सारिएको छ ।

# राजधानीका पाँच सहकारी गाभिँदै

काठमाडौँ, १२ भदौ (रासस)/ काठमाडौँका विभिन्न स्थानमा रहेर सञ्चालित पाँचवटा सहकारी एकआपसमा गाभिने भएका छन् । राजधानीका आइडल यमुना बहुद्देश्यीय सहकारी, नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी, नागरिक कल्याण बहुद्देश्यीय सहकारी, सत्कार बचत तथा ऋण सहकारी र घेदुङ बहुदेश्यीय सहकारी संस्था लिमिटेड एक आपसमा गाभिने सम्झौता भएको हो ।

गाभिएपछि संस्थाको कारोबार झण्डै नौ अर्ब पुग्ने भएको छ भने बचत चार अर्ब ६३ करोड ७० लाख आठ हजार ५९७ हुनेछ । चार अर्ब ९९ करोड ४५ लाख ३९ हजार १२८ ऋण तथा लगानी पुग्नेछ । त्यस्तै कुल सम्पत्ति सात अर्ब ५८ करोड एक लाख ७५ हजार एक सय ९६ पुग्ने पनि जनाइएको छ ।

गाभिएपछिको सहकारीको नाम 'नेशनल आइडल यमुना बचत तथा ऋण सहकारी संस्था लि.' रहने अध्यक्ष ज्ञानबहादुर तामाङले जानकारी दिए ।

पाँच सहकारी गाभिएपछि सहकारी संस्थाको शेयरपुँजी ३० करोड ८१ लाख २२ हजार ५०० पुग्ने, सदस्य संख्या ३५ हजार २० पुग्ने र र ऋणी सदस्य संख्या छ हजार ८५८ जना पुग्ने भएका छन् । पाँच सहकारी एक भएपछि संस्थाको जगेडा कोष १४ करोड ६६ लाख ८९ हजार नौ सय ८२ हुनेछ ।

# बस्ती बसेको बीस वर्षपछि बिजुली

गोदावरी, १२ भदौ (रासस)/ कैलालीको गोदावरी नगरपालिका-३ दक्षिण कटान टोलमा बस्ती बसेको २० वर्षपछि बिजुली बलेको छ । नगरपालिकाको पहलमा दक्षिण कटान टोलमा २० वर्षपछि बिजुली बलेको हो ।

दक्षिण कटान टोलमा पहिलोपटक बिजुली बत्ती बलेपछि अँध्यारोमा बस्न बाध्य भएका सो टोलका बासिन्दा खुसी भएका छन् । खल्लाको किनारमा रहेको सो टोलमा भूमिहीन सुकुम्बासी बस्दै आएका छन् ।

बीस वर्षदेखि नै अँध्यारोमा बस्न बाध्य हुँदै आएकामा अहिले बिजुली बत्ती बलेपछि टोलमा खुसीयाली छाएको मातादेवी नेपालीले बताए ।

यसअघि बिजुली नहुँदा गर्मीको समयमा आँगनमा सुत्नुपर्ने बाध्यता रहेकामा अहिले सो बाध्यता हटेको उनले बताए । "बत्ती नहुँदा बर्खायाममा रातिको समयमा सर्प, बिच्छीको डर थियो", उनले भने, "बिजुली आएसँगै त्यो समस्या समाधान भएको छ, ढुक्कसँग बिजुली बाल्न पाएका छौँ र घरभित्र सुत्न पाएका छौँ ।"

यसअघि पटक-पटक बिजली बत्तीका लागि सम्बन्धित निकायमा धाउँदा पनि मागको सुनुवाइ नभएको स्थानीयको भनाइ छ । विगत लामो समयदेखि अन्धकारमा बस्न बाध्य भएका सो टोलवासीले पहिलोपटक बत्ती बाल्न पाएको उनको भनाइ छ ।

नगरप्रमुख वीरेन्द्र भट्टले चुनावी अभियानका क्रममा बोलेका बाचाहरू आफूले पूरा गरेको बताए । लामो समयदेखि अन्धकारमा बस्न बाध्य भएका टोलवासीले नगरपालिकाको पहलमा बिजुली बत्ती बाल्न पाएको उनले बताए । सो टोलले बिजुली बत्ती पाए पनि बाटोघाटो र खानेपानीको समस्या भने यथावत छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अनधिकृत निर्माण रोक्न कार्यकारिणी अधिकारको प्रयोग गरियो: प्रमुख साह



काठमाडौँ १२ भदौ (रासस)/ काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र साहले अनधिकृत निर्माण कार्य रोक्न कार्यकारिणी अधिकारको प्रयोग गरेको बताउनुभएको छ । महानगरपालिकाले अनधिकृत संरचना भत्काउन बल प्रयोग गरिएको भन्दै प्रश्न उठ्न थालेपछि प्रमुख साहले अनधिकृत निर्माणकार्य रोक्न महानगरले कार्यकारिणी अधिकार प्रयोग गरेको स्पष्ट पारेको हो ।

आइतबार एक विज्ञप्ति जारी गर्दै उनले भनेएको छ, "आफ्नै स्वामित्वको वा भोगाधिकार प्राप्त गरेको जग्गामा संरचना निर्माण गर्ने व्यक्ति वा संस्थाले पनि महानगरको स्वीकृतिबिना निर्माण कार्य गर्न पाउँदैनन्, साथै निर्माण सम्पन्नताको प्रमाणपत्र लिने क्रममा अब उप्रान्त थप संरचना निर्माण नगर्ने र त्यसो गरेको खण्डमा महानगरले आदेश दिएका बखत भत्काउनेछु भनी महानगरसँग सम्बन्धित व्यक्ति वा संस्थाले कबुलियत गरेका हुन्छन् ।" महानगरले आफ्नो नियामक दायित्व पूरा गर्ने क्रममा यस तथ्यलाई पनि विशेष ध्यान दिएको उनको भनाइ छ । कुनै पनि अनधिकृत निर्माणकार्य वा आफैले गरेको कबुलियत उल्लङ्घन गरेको कार्यको तत्काल रोकथाम तथा नियन्त्रण गर्नु महानगरको पहिलो दायित्व भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

प्रमुख साहले कानुनको अनुपालना गर्न पैतिस दिनको सूचना दिँदा पनि अटेर गरेपछि गैरकानुनी कार्यको रोकथाम तथा नियन्त्रण गर्न महानगरीय प्रहरी बलको परिचालन गर्नुपर्ने परिस्थिति आएको स्पष्ट पारेको छ ।

नेपालको संविधान र कानुनले काठमाडौँ महानगरपालिकालाई कानुन बनाउने व्यवस्थापकीय अधिकार, कानुन कार्यान्वयन गर्ने कार्यकारिणी अधिकार तथा विवाद निरुपण गर्ने न्यायिक अधिकार दिएको छ । वर्तमान अवस्थामा अनधिकृत संरचना हटाउनका लागि महानगरले आफूमा अन्तरनिहित कार्यकारिणी अधिकार प्रयोग गरेको उल्लेख गरिएको छ ।

# हात्ती आएको सूचना दिन 'साइरन' जडित मेसिन

सुरुङ्गा (झापा), १२ भदौ (रासस)/ पूर्वोत्तर झापाको बाहुनडाँगी बजारमा हात्ती आएको सूचना दिन 'साइरन' जडित मेसिन राखिएको छ ।



मेचीनगर-४ स्थित बाहुनडाँगी बजारमा राखिएको मेसिनको उद्घाटन मेची नगर पालिका प्रमुख गोपालचन्द्र बुढाथोकीले गरे । ब्याट्री, प्यानल बक्स, तार जडित सो मेसिनले हात्ती प्रवेश गर्नासाथ सूचना दिने बताइएको छ । उज्यालो नेपालका पूर्वध्यक्ष एवं स्वयंसेवक रमेश थापाले सो साइरन मेचीनगर-४ का वडाध्यक्ष अर्जुनकुमार कार्कीलाई सहयोगस्वरुप हस्तान्तरण गरेको र हात्ती आउँदा बजेको सो मेसिनको साइरनले बाहुनडाँगी बजार आसपास एक किलोमिटर क्षेत्रसम्म आवाज सुनिने बताइएको छ ।

साइरनमा मोबाइल एप्स जोडेर प्रत्येक व्यक्तिले हात्ती आएको जानकारी लिन सकिने बताइएको छ । साइरनको सुरुक्षाका लागि सशस्त्र प्रहरी बल बाहुनडाँगीलाई जिम्मा दिइएको छ ।

"साइरन बजेपछि हात्ती आएको थाहा पाइन्छ", उज्यालो नेपालका स्वयंसेवक थापाले भने, "त्यसपछि घरमै बस्दा पनि मानिसले ज्यान जोगाउन सक्छन् । हात्ती आउँदा हात्ती धपाउने होइन कि घरमा लुकेर बस्नु पर्छ ।"

# बागमती प्रदेशमा ९७ प्रतिशत धान रोपाई सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ बागमती प्रदेशमा ९७ प्रतिशत धान रोपाई सम्पन्न भएको छ ।

प्रदेशका १३ जिल्लामा उत्पादनयोग्य कुल जमिनको ९७ प्रतिशत क्षेत्रफलमा धान रोपाई सकिएको हो ।

बागमती प्रदेशको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयको अनुसार प्रदेशमा एक लाख २० हजार ५ सय ७० हेक्टर धान उत्पादन हुने जमिन रहेको छ । त्यो मध्ये एकलाख १७ हजार १ सय ८० हेक्टर क्षेत्रफलमा वर्षे धान रोपाई भएको हो । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेशका प्रवक्ता झलकनाथ कँडेलले १३ जिल्लाहरू मध्येका ६ वटा जिल्लाहरूमा पूर्ण रूपमा रोपाइँ सम्पन्न भएको जानकारी दिए ।

उनको अनुसार चितवन, धादिङ, मकवानपुर, ललितपुर, भक्तपुर र काठमाडौंमा शतप्रतिशत रोपाइँ सकिएको हो । कडेंलले मकवानपुरमा ११ हजार हेक्टर क्षेत्रफलको जग्गामा धान खेति हुने गरेको बताए । काठमाडौंको ५ हजार ९ सय ५९ हेक्टर, ललितपुरमा ४ हजार १ सय ७५ हेक्टर र भक्तपुरमा ३ हजार ९ सय २५ हेक्टर, धादिङमा ११ हजार १ सय ५९ हेक्टर र चितवनमा २२ हजार ९ सय ७७ हेक्टर क्षेत्रफलमा धान उत्पादन हुने गरेको उनको भनाइ छ ।

उनको अनुसार प्रदेशमा वर्षको वर्षे धान रोपाइँ सबैभन्दा कम रामेछापमा ९२ प्रतिशत मात्रै रोपाइँ सम्पन्न भएको छ । जहाँ ८ हजार ८ सय ९३ हेक्टर रोपाइँ हुने जग्गा रहेकोमा ८ हजार १ सय ८२ हेक्टरमा रोपाइँ सम्पन्न भएको मन्त्रालयको तथ्यांक छ । दोलखाको २ हजार ९ सय २१ हेक्टर क्षेत्रफल रोपाइँ हुने जग्गामा यो वर्ष २ हजार ७ सय ८२ हेक्टर अर्थात् ९५ प्रतिशत धान रोपाइँ भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । यसै गरी सिन्धुलीको १५ हजार ४ सय २३ हेक्टर मध्ये १४ हजार ७ सय २९ अर्थात् ९६ प्रतिशत धान रोपाइँ भएको छ ।

यस्तै, काभ्रेमा ९ हजार ३ सय ८५ हेक्टर धान रोपाइँ हुने जग्गामा यो वर्ष ९३.२ प्रतिशत अर्थात् ८ हजार ७ सय ४७ हेक्टरमा रोपाइँ सकिएको छ । त्यस्तै, सिन्धुपाल्चोकमा ८ हजार ५ सय ९० हेक्टर मध्ये ९५ प्रतिशत अर्थात् ८ हजार १ सय ६१ हेक्टर खेतमा रोपाइँ भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

यस्तै नुवाकोटमा १४ हजार २ सय ८३ हेक्टरमध्ये ९५ प्रतिशत अर्थात् १३ हजार ५ सय ६९ हेक्टरमा रोपाइँ भएको छ भने रसुवामा यो वर्ष ९६ प्रतिशत रोपाइँ सकिएको मन्त्रालयको तथ्यांक छ । रसुवाको १ हजार ८ सय ७२ हेक्टर धानले ढाकेको जग्गा मध्ये १ हजार ८ सय १६ हेक्टरमा रोपाइँ भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

बागमती प्रदेशमा कुल धान उत्पादन हुने क्षेत्र १ लाख २० हजार ५ सय हेक्टर जमिनको कुल ९७ प्रतिशतमा यो वर्ष धान खेती सम्पन्न भएको मन्त्रालयले जनाएको छ ।

## एमालेमा निर्वाचन परिचालन सचिवालय गठन



काठमाडौं, १२ भदौ (रासस)/ नेकपा (एमाले) को केन्द्रीय निर्वाचन परिचालन कमिटीको आइतबारको पहिलो बैठकले ३४ सदस्यीय सचिवालय गठन गरेको छ । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि गठित सो चार सय ५१ सदस्यीय कमिटीका संयोजक एवं पार्टीका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा पार्टीको केन्द्रीय कार्यालय, च्यासलमा भएको बैठकले सचिवालय गठन गरेको हो ।

सो कमिटीको सचिवको जिम्मेवारी पार्टीका उपमहासचिव विष्णु रिमाललाई तोकिएको छ । एमालेका केन्द्रीय प्रचार विभागका उपप्रमुख विष्णु रिजालका अनुसार बैठकले देशव्यापी निर्वाचन कमिटी गठन गरेर निर्वाचनकेन्द्रित गतिविधि अघि बढाउने निर्णय गरेको छ ।

परिचालन कमिटीमा पार्टीका केन्द्रीय कमिटीका सदस्यहरू, केन्द्रीय लेखापरीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय सल्लाहकार परिषद्का पदाधिकारी, जनसंगठनका अध्यक्ष र महासचिव तथा पार्टीको केन्द्रीय विभागका सचिवहरू रहेको छ । एमालेको शनिबार सम्पन्न केन्द्रीय कमिटीको चौथो बैठकले निर्वाचन परिचालन कमिटी गठन गर्नेलगायत पार्टीको सचिवालयले गरेको निर्णय अनुमोदान गरेको थियो ।

एमालेले अध्यक्ष ओलीकै संयोजकतवमा घोषणापत्र मस्यौदा समिति पनि गठन गरेको छ ।

# बागमती प्रदेशसभा सदस्यसहित ७ जनाले दिए विवेकशीलबाट राजिनामा

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ बागमती प्रदेशको प्रदेशसभा सदस्यसमेत रहेका विवेकशील साझा पार्टीका केन्द्रीय सदस्य विराजभक्त श्रेष्ठले पदबाट राजिनामा दिएका छन् ।

श्रेष्ठले आइतबार काठमाडौंस्थित पार्टी कार्यालयमा विवेकशील साझा पार्टीका ७ जना केन्द्रीय सदस्यसहितले सामुहिक राजीनामा दिएका हुन् । उनीहरुले आइतबार काठमाडौंस्थित पार्टी कार्यालयमा राजिनामा दिनेमा पार्टीको संस्थापक केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य श्रेष्ठ, केन्द्रीय सदस्य जमुना शर्मा, राज्यलक्ष्मी श्रेष्ठ, रोशनी अधिकारी, सस्मित पोखरेल, श्रीकृष्ण श्रेष्ठ र सुदन मानन्धर रहेका छन् । उनीहरुले पार्टीले हाल अङ्गीकार गरेको नीति तथा कार्य योजना एकदमै अस्पष्ट र नेतृत्व प्रक्रिया अपारदर्शी रहेको भन्दै पार्टीले आम नागरिकको अवस्था बदल्ने राजनीतिक कार्यदिशा कार्यान्वयन गर्नेछ भन्नेमा विश्वस्त हुन नसकेकोले त्यस्तो पार्टीमा रहनु औचित्य नहुने भन्दै राजिनामा दिएको बताएका छन् ।

फरक पार्टीको पहिचान बनाउने भन्दै स्थापित भएको विवेकशील रविन्द्र मिश्र र मिलन पाण्डेबीचको विवादले गर्दा पार्टी त्यागनेको संख्या बढ्दै गएको छ । पाण्डेलाई पार्टीबाट निकालेका मिश्र आफैंले पनि विवेकशील त्यागिसकेका छन् ।

# मोटरसाइकल दुर्घटनामा परि महिला सेनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ हेटौंडामा मोटरसाइकल दुर्घटनामा परि सेनाको मृत्यु भएको छ ।

आइतबार दिउँसो पूर्व-पश्चिम सडकखण्डको हेटौंडा-९ मा हेटौंडाबाट बारातर्फ जाँदै गरेको ग २२ प ६१३ नम्बरको मोटरसाइकलले सोही दिशातर्फ जाँदै गरेको ना ४ ख ९६०३ नम्बरको ट्रकलाई ओभरटेक गर्ने क्रममा अनियन्त्रित भई ट्रकमा ठोकिएर दुर्घटना हुँदा बाइकमा सवार सेनाको मृत्यु भएको हो ।

मोटरसाइकल दुर्घटनामा परी नेपाली सेना राजदल गण खैरहनीटार तनहुँमा कार्यरत् २५ वर्षीया श्रृजना विकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

घाइते विकको उपचारको क्रममा हेटौंडा अस्पतालमा मृत्यु




भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिए । मृत्यु भएकी विककी श्रीमान् मोटरसाइकल चालक पर्सा जिल्लाको ठोरी गाउँपालिका-२ घर भई नेपाली सेना राजदल गण खैरहनीटार तनहुँमा कार्यरत २९ बर्षीय आदर्श विकको भने हातमा सामान्य चोट लागेको छ । विककै ५ बर्षीय छोरा आशिक विकको पनि टाउकोमा सामान्य चोट लागेको छ । घाइते आदर्श र आशिकको अहिले हेटौंडा अस्पतालमा उपचार भइरहेको र स्वास्थ्य अवस्था सामान्य रहेको प्रवक्ता कार्कीले बताए । ट्रक र चालकलाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# दरको संस्कृतिले लिँदैछ विकृतिको रूप

काठमाडौं, १२ भदौ (रासस)/ नेपाली बृहत् शब्दकोशले दर शब्दको अर्थ तीजका अघिल्ला रात खाने, दह्रिलो विशेष भोजन भनेको छ ।

शब्दकोशको यो अर्थको अनर्थ लाग्ने गरी अहिले राजधानीलगायत ठूला सहरमा तीजको महिनौंअघिदेखि दर खानेको लर्को लाग्छ । तीजमा व्रत बस्ने बर्तालुलाई आड होस् भन्ने उद्देश्यले दर खाने परम्पराको विकास भएको हो ।

वैदिक सनातन हिन्दू धर्मअनुसार भाद्र शुक्ल तृतीयाका दिन तीज पर्व मनाइन्छ । त्यसको अघिल्लो रात दर खाने संस्कृति सनातनदेखि नै चल्दै आएको छ । यो परम्परामा केही वर्षअघिदेखि भने विकृतिको सुरुआत भएको छ ।

संस्कृतिविद् डा गोविन्द टण्डन तीजका नाममा सुरु भएको यो विकृतिलाई रोक्नुपर्ने बताउछन् । तीजको एक दिनअघि आमा, दिदी, बहिनी घरपरिवारमा बसेर आडिला चीजबीज खानुलाई दर भनिने उनी सुनाउछन् । तडकभडकका रूपमा मनाउने यस्तो विकृतिले फजुल खर्च बढाएको छ । "अहिले हाम्रो संस्कृतिभन्दा भिन्नरूपमा तीज मनाउन थालिएको



छ, यसले नहुनेलाई तनाव दिएको छ, नकारात्मक सोच बढाएको छ, गरिष्ठ कुरा मांस, मदिरा दरमा खाने होइन, सेल, पुरी, खीरलगायत शरीरलाई तागत दिने खानेकुरा दरका रूपमा खाने हो", संस्कृतिविद् टण्डनले भने । विकृतिका रूपमा मौलाएको तीज भोजले होटल र पार्टीप्यालेस व्यवसायीलाई फाइदा भए पनि संस्कृतिलाई भने विकृत बनाएको छ ।

होटल र पार्टीप्यालेसमा साथीभाइसँग दर खाने परम्परा नै गलत रहेको टण्डनको भनाइ छ । टाढा टाढाबाट माइत आएका चेलीबेटीले घर परिवारमा बसेर खाने मौलिक परम्परालाई अहिले विकृत बनाइएको छ । तीजको दुई महिना अघिदेखि दर खाएर देखाउँदा विपन्न वर्गका मानिसलाई पर्व मनाउन मुस्किल हुने गरेको छ । समाजमा दर भनेको एक महिनाअघिदेखि नै खानुपर्ने रहेछ भन्ने सन्देश गएको छ । सहरमा एक महिनाअघिदेखि धेरै पार्टीप्यालेस दर खानकै लागि रिजर्भ हुने गरेका छन् । यसरी रिजर्भ भएका पार्टीप्यालेसमा दरका नाममा मांस, मदिराको सेवन हुन्छ ।

व्रत बस्ने अघिल्लो दिन खाने विशेष परिकारलाई दर भन्ने शब्दकोशको अर्थअनुसार अहिले अधिकांशको व्यवहारमा चलेको दर खाने प्रक्रिया मिल्दैन । व्रतको अघिल्लो दिन घाम अस्ताएपछि देखि नै बर्तालुले शुद्ध खानेकुरामात्र खानुपर्ने शास्त्रीय नियम रहेको बताउछन् धर्मशास्त्रविद् प्रा डा. देवमणि भट्टराई । दरका नाममा एक महिनाअघि नै भएपनि मांस, मदिराको सेवन संस्कृतिका नाममा बढेको विकृतिको स्वरूप भएको उनले सुनाए । "तीजमा निराहार व्रत बस्नुपर्ने भएकाले अघिल्लो दिन शुद्ध, विशेषगरी दूधबाट बनेका सात्विक परिकार खाने शास्त्रीय नियम हो, व्रतको अघिल्लो दिन एकछाकी भएकाले पनि जे मन लाग्यो त्यही खान हुँदैन, दर तीजको अघिल्लो रात ११ बजेसम्ममात्र खान सकिन्छ, त्यसपछि राक्षसी समय सुरु हुने भएकाले ११ बजेपछि दर खान निषेध गरिएको छ", धर्मशास्त्रविद् भट्टराईले भने ।

उपभोगवादी संस्कृतिले अहिले तीज, व्रत जस्ता शब्द देखाउने कुरामात्र हुन थालेको छ । मर्म विनाका पर्व मनाउन थालिएका छन् । हुनेखानेले रवाफ देखाउने माध्यम चाडपर्व बन्न थालेको छ । सहरमा बस्ने अधिकांशलाई महँगीका कारण हातमुख जोर्न, बालबालिका पढाउन, औषधोपचार गर्नसमेत मुस्किल हुन थालेकामा हुनेखानेले गर्ने खर्चसँगै प्रतिस्पर्धा गर्नुपर्ने चुनौती थपिएको छ । यस्तो विकृतिले भ्रष्टाचारलाई पनि प्रोत्साहन गर्ने बताउछन् । समाजशास्त्री कीर्तिकुमार दुमी राई । परिवारको चाहना पूरा गर्न गलत प्रक्रियाबाट स्रोत जुटाउने बाध्यता संस्कृतिका नाममा मौलाएको विकृतिले बढाउन थालेको छ ।

अहिले अन्य संस्थाका अतिरिक्त सरकारी कार्यालयमा समेत तीजको दरका नाममा विकृति भित्रिन थालेको छ । तीजकै नाममा लाखौं खर्च हुन थालेको छ । आर्थिक मन्दीको राप अलापिरहँदा सरकारी संयन्त्रले पर्वका नाममा मौलाएको विकृतिका पक्षमा हुने खर्च रोक्न सकेका छैनन् ।

विद्यालयमा समेत तीजका कार्यक्रमका नाममा खानपान एवं भोज हुन थालेको छ । अभिभावकसँग पैसा लिएर शिक्षक, कर्मचारी र कुनै विद्यालयमा त अभिभावकलाई पनि दर खुवाउने कार्यक्रम हुन थालेको हो । समाजलाई संस्थागत भ्रष्टाचारको आहालमा डुबाउन यस्ता गतिविधिले प्रेरित गर्ने समाजशास्त्री राईको विश्लेषण छ ।

# विद्यालय कर्मचारी परिषद्लाई वार्तामा आउन आग्रह


काठमाडौं, १२ भदौ (रासस)/ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय कर्मचारी परिषद्लाई विद्यालय बन्दका कार्यक्रम स्थगन गरी वार्तामा आउन पत्राचार गरेको छ ।

मन्त्रालयले आइतबार परिषद्को राष्ट्रिय समितिलाई पत्र पठाइ नेपाल शिक्षक महासंघमार्फत वार्ताबाट समस्याको समाधान गर्न आग्रह गरेको हो । तलब सुविधामा विभेद भएको विषयमा परिषद्ले आन्दोलन गर्दै आएको छ । सरकारको बजेट वक्तव्यबाट विद्यालयका कर्मचारीको तलब र ज्यालामा विभेद गरिएकाले आन्दोलन सुरु भएको हो ।

परिषद्ले गत साउन २३ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई सम्बोधन गरी माग पूरा गर्न आग्रह गरेकामा समस्याको समाधानका लागि पहल भइरहेको मन्त्रालयले जनाएको छ ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल र नेपाल राष्ट्रिय शिक्षक संगठनले आइतबार बेग्ला बेग्लै विज्ञप्ति जारी गरेर परिषद्को मागप्रति सुनुवाइ गर्न माग गरेका थिए ।

# धारिलो हतियार प्रहारबाट वृद्ध घाइते



साझाकुरा संवाददाता

हेटौंडा, १२ भदौ/ मकवानपुरको मनहरी गाउँपालिकामा धारिलो हतियार प्रहारबाट एकजना वृद्ध घाइते भएका छन् ।

शनिबार राति मनहरी गाउँपालिका-४ मसिनेमा धारिलो हतियार प्रहारबाट एक वृद्ध घाइते भएका हुन् । स्थानीय ४० बर्षीय गोविन्द मोक्तानले सोही स्थान बस्ने अन्दाजी ७१/७२ बर्षीय वृद्ध तुलराम थिङलाई खुर्पा प्रहार गर्दा थिङ घाइते भएको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी टेकबहादुर कार्कीले जानकारी दिए । मोक्तानको खुर्पा प्रहारबाट थिङको टाउकोमा चोट लागेको र उनको चुरेहिल अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

सोही घटनामा संलग्न सोही स्थान बस्ने १७ बर्षीय रोज रुम्बालाईसमेत प्रहरीको नियन्त्रणमा लिएको मकवानपुर प्रहरीले जनाएको छ ।

# सडक दुर्घटनामा दिदी भाइको मृत्यु




रुपन्देही, १२ भदौ (रासस)/ रुपन्देहीको तिलोत्तमामा भएको सडक दुर्घटनामा दिदी भाइको मृत्यु भएको छ । दुर्घटनामा तिलोत्तमा-३ शङ्करनगरकी १२ वर्षीया समीक्षा खराल र उनका सात वर्षीय भाइ सुग्रीम खरालको मृत्यु भएको ट्राफिक प्रहरी कार्यालय लुम्बिनी प्रदेशका प्रवक्ता मोहनबहादुर खाणले जानकारी दिए । आइतबार साँझ तिलोत्तमा नगरपालिका-६ गोरकटास्थित भित्री सडकमा लु १६ प ६१३० र लु २८ प ४३७३ नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाँदा दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा चार घाइते भएका छन् । उनीहरूको क्रिमसन अस्पताल मणिग्राममा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको**
**वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा**

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक

**सिद्धार्थ माध्यमिक विद्यालय**

हेटौंडा- २, मकवानपुर

**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

कोरोना भाइरसबाट बचौं र बचाऔं ।

विज्ञापन, लेख रचना तथा समाचारहरु प्रकाशनको लागि हामीलाई सम्झनुहोस् ।

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना